त्रैमासिक
# e बुलेटिन
आ.व.०८१/८२ अङ्क ४ बैशाख-असार

**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, सिंहदरबार**

**संरक्षक**
राधिका अर्याल
सचिव

**सल्लाहकार**
कोशहरि निरौला
सहसचिव
आदेश खड्का
सहसचिव
गौरव गिरी
सहसचिव

**प्रकाशन समिति**
**संयोजक**
गजेन्द्र कुमार ठाकुर
सहसचिव

**सदस्यहरू**
रबिन्द्रप्रसाद पौड्याल
उपसचिव

ठानेश्वर पराजुली
शाखा अधिकृत

**सदस्य सचिव**
सुप्रविणा पन्थी
शाखा अधिकृत

**नायव सुब्बा**
संगिता नेपाल

## आकर्षण

मन्त्रालयका गतिविधि ........ १



मन्त्रालयको वार्षिक कार्यक्रम... ५

हुलाक सेवा विभाग ....... १३

चलचित्र विकास वोर्ड ....... १३




सूचना तथा प्रशारण विभाग ........................... १२



राष्ट्रिय समाचार समिति........१६




गोरखापत्र संस्थान................ १६

# सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका गतिविधि

## राष्ट्रिय सूचना तथा सञ्चार प्रविधि दिवस






सम्माननीय प्रधानमन्त्रीको प्रमुख आतिथ्यतामा मिति २०८२ बैशाख १९ गते राष्ट्रिय सूचना तथा सञ्चार प्रविधि दिवस कार्यक्रम सम्पन्न भयो । सो कार्यक्रममा प्रधानमन्त्रीज्यूले नेपालमा सूचना प्रविधिको क्षेत्रमा लगानी गर्न वैदेशिक लगानीकर्ताहरुलाई आग्रह गर्दै नेपालले आफ्नै सुरक्षासहितको डाटा प्रणाली कायम गर्दै आर्थिक रुपान्तरणका लागि सूचना प्रविधिको विकास आफैंमा जवाफ हुने विचार व्यक्त गर्नु भएको थियो ।सोही कार्यक्रममा सञ्चार तथा सूचना प्रविधि मन्त्री माननीय पृथ्वीसुब्बा गुरुङले मुलुकमा सुशासन प्रवर्धन र समृद्धि विकासको मूल आधार भएकाले यस क्षेत्रमा लगानी आवश्यक रहेको र सूचना प्रविधिलाई नै चुस्त बनाउन मन्त्रालयले समयसापेक्ष कानुन निर्माण गर्ने, पूर्वाधार सिर्जना गर्ने र दक्ष जनशक्तिको वृद्धि गर्नेमा मुख्य जोड रहेको जानकारी गराउनु भएको थियो ।

## सवारीसाधन अनुमतिपत्र छाप्नसक्ने सम्भावनाका विषयमा छलफल



सञ्चार तथा सूचना प्रविधि मन्त्री माननीय पृथ्वीसुब्बा गुरुङ र भौतिक, पूर्वाधार तथा यातायातमन्त्री माननीय देवेन्द्र दाहालबीच मिति २०८२ बैशाख २८ गते भेटवार्ता भयो । सो अवसरमा मन्त्रालयका सचिव राधिका अर्याल र सुरक्षण मुद्रण केन्द्रका कार्यकारी निर्देशक देवराज ढुङ्गानाबीच सवारीसाधन अनुमतिपत्र छाप्नसक्ने

सम्भावनाका विषयमा अनौपचारिक सहमति गरिएको थियो। जसमा माननीय मन्त्री गुरुङले सुरक्षण मुद्रण केन्द्रबाटै सवारी लाइसेन्स छाप्ने तयारी गर्न जोड दिनुभएको थियो।

## नेपाल सरकार मन्त्रिपरिषद्का निर्णय सार्वजनिकीकरण

नेपाल सरकार, मन्त्रिपरिषद बैठकका निर्णय सार्वजनिक गर्नुहुँदै माननीय मन्त्रीज्यू।




## चलचित्र छायांकन स्टुडियो निर्माणको शिलान्यास




प्रधानमन्त्री केपी शर्मा ओलीको प्रमुख आतिथ्यमा सञ्चार तथा सूचना प्रविधि मन्त्री माननीय पृथ्वीसुब्बा गुरुङ उपस्थित भई २०८२ जेठ १ गते प्रधानमन्त्री निवास, बालुवाटारमा चलचित्र विकास बोर्डद्वारा आयोजित कार्यक्रममा काभ्रेपलाञ्चोक जिल्लाको बनेपा नगरपालिका, वडा नं. १० र १३ मा निर्माण हुने सिनेपाः चलचित्र छायांकन स्टुडियो, निर्माणको शिलान्यास कार्यमा सम्पन्न भएको छ। प्रधानमन्त्री ओलीले सिनेपाः नामक अत्याधुनिक इन्डोर छायाँकन स्टुडियो निर्माण आरम्भ हुनु नेपाली चलचित्र क्षेत्रका लागि एक प्रकारको क्रान्ति

भएको बताउँदै सिनेपाःको निर्माणले चलचित्र उद्योग प्रवर्धन तथा पर्यटन उद्योगमा समेत टेवा पुऱ्याउने विचार व्यक्त गर्नु भएको थियो।

## एसिया—प्रशान्त दूरसञ्चार (एपीटी) २०२५ मन्त्रिस्तरीय बैठकमा सहभागिता




सञ्चार तथा सूचनाप्रविधि मन्त्री माननीय पृथ्वीसुब्बा गुरुङ जापानको राजधानी टोकियोमा सहभागी सम्पन्न भएको एसिया—प्रशान्त दुरसञ्चार (एपीटी) २०२५ मन्त्रिस्तरीय बैठकमा सहभागी भई नेपालका तर्फबाट सम्बोधन गर्नुभयो । उहाँले उक्त कार्यक्रममा नेपाल सरकारले डिजिटल नेपाल फ्रेमवर्क (डिएनएफ) लाई उच्च प्राथमिकतामा राखेको जानकारी दिदै सूचना प्रविधिको पारिस्थितिक प्रणाली र अनुकूल वातावरणको लागि तत्परता आवश्यक रहेको बताउनुभयो ।

## "मेरो भ्वाइस युनिभर्स" र "मेरो डान्स युनिभर्स" का युवा सहभागीहरुबीच अन्तक्रिया



सञ्चार तथा सूचनाप्रविधि मन्त्री माननीय पृथ्वीसुब्बा गुरुङ २०८२ असार १ गते यस मन्त्रालयको सभा हलमा नेपाल टेलिभिजनद्धारा प्रसारण हुने 'मेरो भ्वाइस युनिभर्स' र 'मेरो डान्स युनिभर्स' का युवा सहभागीहरुबीच

अन्तक्रिया गर्दै । मन्त्रीज्यूले अन्तक्रिया कार्यक्रममा युवा प्रतिभालाई सम्मान गर्दै प्रोत्साहनका लागि सम्बोधन गर्नुभएको थियो ।

## युनेस्कोका नेपाल प्रतिनिधिसँग शिष्टाचार भेट



सञ्चार तथा सूचना प्रविधि मन्त्री माननीय पृथ्वीसुब्बा गुरुङ र संयुक्त राष्ट्रसङ्घीय शैक्षिक, वैज्ञानिक तथा सांस्कृतिक सङ्गठन(युनेस्को) का नेपाल प्रतिनिधि ज्याको डु टोइटबीच २०८२ असार २ गते शिष्टाचार भेट भएको छ । यस मन्त्रालयमा भएको भेटवार्तामा युनिस्कोका प्रतिनिधि टोइटले नेपाललाई डिजिटल साक्षर बनाउने, आइटि क्षेत्रमा विकास गर्ने र डिजिटल नेपालको परिकल्पनालाई साकार पार्न नेपाल सरकारको कार्य योजना प्रशंसनीय रहेको बताउनुभयो ।

## आई.टि.यु. कि महासचिव डोरिईन बोगदान मार्टिनसंग भेटवार्ता



स्विजरल्याण्डको जेनेभामा आयोजना भएको ए.आई सम्बन्धी कार्यक्रममा माननीय मन्त्रीज्यूले आई.टि.यु. कि महासचिव डोरिईन बोगदान मार्टिनसंग उच्चस्तरीय भेटवार्ता सम्पन्न भएको छ । उक्त अवसरमा माननीय मन्त्रीज्यूले नेपालले पाउनुपर्ने स्याटलाईट स्लट बारे नेपाल सरकारका तर्फबाट पहल गर्नुभएको थियो ।

### "आमा" (नेपालमा बनेको पहिलो नेपाली कथानक चलचित्र), अंकित हुलाक टिकटमा टाँचा लगाउँदै



"चलचित्र विकास बोर्ड, रजत जयन्ती, २०८२" को अवसरमा मिति २०८२ असार १६ गते "आमा" (नेपालमा बनेको पहिलो नेपाली कथानक चलचित्र), अंकित हुलाक टिकटमा माननीय सञ्चार तथा सूचना प्रविधि मन्त्रीज्यूले प्रथम टाँचा लगाउँनु भयो । सो कार्यक्रममा चलचित्रकी नायिका श्री भुवन थापा (चन्द) समेत सहभागी हुनभएको थियो ।

## मन्त्रालयको वार्षिक कार्यक्रमहरुको प्रगति

### १. CERT स्थापना सम्बन्धी कार्यक्रम

बागमती प्रदेश, काठमाडौं जिल्लामा मिति २०८२ असार ०८, १० र १२ गते विभिन्न क्षेत्र (वित्तीय क्षेत्र, दुरसंचार सेवा प्रदायक र सुरक्षा निकाय) का विज्ञ एवम् कर्मचारीको उपस्थितिमा प्रादेशिक तथा क्षेत्रगत CERT (Computer Emergency Response Team) स्थापना सम्बन्धी अन्तर्रक्रिया तथा अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको छ ।



## २. यु—ट्यूव व्यवस्थापन तथा अभिमुखिकरण कार्यक्रम

केन्द्रिय स्तरका पत्रकारिता क्षेत्रमा कार्यरत रहेका पत्रकारहरुसँग नेपालमा सामाजिक सञ्जालमा प्रकाशन/प्रशारण हुने समाचार सामग्री तथा यु-ट्युव मार्फत समाचार सम्प्रेषण गर्ने विषयमा वर्तमान समस्या, चुनौती एवम् समाधानका उपायका सम्बन्धमा वाग्मती प्रदेशको चितवन जिल्लामा मिति २०८२ असार १ गते  यु-ट्यूव व्यवस्थापन तथा अभिमुखिकरण कार्यक्रम सम्पन्न भएको छ ।




## ३. महिला पत्रकारहरूको क्षमता अभिवृद्धि तथा अन्तक्रिया कार्यक्रम

माननीय सञ्चार तथा सूचना मन्त्रीज्यूको समुपस्थिति र सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सचिवज्यूको अध्यक्षतामा मिति २०८२ जेठ १० गते महिला पत्रकारहरूको क्षमता अभिवृद्धि कार्यक्रम गण्डकी प्रदेशको कास्की जिल्ला, पोखरामा सम्पन्न भयो ।




## ४. प्रवक्ताहरुसँग त्रैमासिक समन्वय बैठक

संवैधानिक आयोग, संघीय मन्त्रालय  तथा निकायका प्रवक्ताहरुसँग त्रैमासिक समन्वय बैठक तथा अन्तरक्रिया कार्यक्रम मिति २०८२असार १८ गते सम्पन्न भयो । सो बैठकमा प्रवक्ताहरुको काम, कर्तव्य तथा अधिकार सम्बन्धी निर्देशिकाको मस्यौदा उपर छलफल भयो ।





## ५. राष्ट्रिय पत्रकारिता पुरस्कार २०८१

राष्ट्रिय पत्रकारिता पुरस्कार, २०८१ वितरण समारोहको अवसरमा मिति २०८२/०१/२४ गते आयोजना गरिएको कार्यक्रममा  वरिष्ठ पत्रकार सम्मान २ जना वरिष्ठ पत्रकारहरुलाई र राष्ट्रिय पत्रकारिता पुरस्कार ६ जना पत्रकारहरुलाई प्रदान गरिएको छ।

**क) बरिष्ठ पत्रकार सम्मान,२०८१ तर्फ**

| क.सं. | नाम,थर | ठेगाना | सञ्चार संस्था/ माध्यम |
|---|---|---|---|
| १ | विपुल पोखरेल | दाङ्ग | सम्पादक, गोरक्ष राष्ट्रिय दैनिक |
| २ | गणेश बस्नेत | दोलखा | प्रमुख, जनता टाइम्स डटकम |

**ख) राष्ट्रिय पत्रकारिता पुरस्कार,२०८१ तर्फ**

| क्र.सं. | नाम,थर | ठेगाना | फोनं.नं. |
|---|---|---|---|
| १ | डिल्लीराम खतिवडा | उदयपुर | सम्पादक, इ-कनिका डटकम |
| २ | दिपेन्द्र श्रेष्ठ | कास्की | सम्पादक, एभरेष्ट आवाज डटकम |
| ३ | दिपेन्द्र वान्तवा | संखुवासभा | एपिवान टेलिभिजन |
| ४ | विमल गौतम | बाग्लुङ्ग | सम्पादक, लोकान्तर डटकम |
| ५ | लोग्शरी कुँवर | कैलाली | स्वतन्त्र पत्रकार |
| ६ | सागर पण्डित | तनहुँ | सम्पादक, नेपाल समाचारपत्र राष्ट्रिय दैनिक |

## ६. संघ संस्था अनुदान

आमसञ्चार/सञ्चार क्षेत्र सम्बन्धित संघ संस्थालाई अनुदान प्रदान गर्ने वार्षिक कार्यक्रम अन्तर्गत मन्त्रालयमा अनुदान प्राप्तिको लागि प्रस्ताव पेश गर्ने विभिन्न संघ संस्था मध्ये ४८ वटा संघ संस्थालाई अनुदान प्रदान गरिएको छ।

**मन्त्रालय अन्तर्गत भएका नियुक्ति तथा मनोनयनहरु**

| मिति | नियुक्ति /मनोनयन भएका व्यक्तिको नाम, थर | पद | निकाय | कैफियत |
|---|---|---|---|---|
| २०८२/०१/२४ | श्री आदित्य न्यौपाने | सदस्य | सुरक्षण मुद्रण केन्द्र | माननीय मन्त्रीस्तरको निर्णयानुसार मनोनयन। |
| २०८२/०२/१२ | श्री लक्ष्मण हुमागाई | अध्यक्ष | विज्ञापन बोर्ड | मन्त्रिपरिषद्को निर्णयानुसार नियुक्त। |
| २०८२/२/१२ | श्री पदमराज जोशी<br>श्री भीमलाल श्रेष्ठ<br>श्री शन्तराम विडारी<br>श्री कुमारी निमा काफ्ले | सदस्य | प्रेस काउन्सिल नेपाल | माननीय मन्त्रीस्तरको निर्णयानुसार मनोनयन। |
| २०८२/२/१९ | श्री नकुल अर्याल<br>श्री बालकृष्ण अधिकारी | सदस्य | प्रेस काउन्सिल नेपाल | माननीय मन्त्रीस्तरको निर्णयानुसार मनोनयन। |
| २०८२/०२/२० | श्री कुवेरराज गिरी<br>श्री श्रीमती भगवती कुमारी मैनाली उप्रेती | सदस्य | चलचित्र जाँच समिति | माननीय मन्त्रीस्तरको निर्णयानुसार मनोनयन। |
| २०८२/०२/३१ | श्री विरेन्द्र प्रसाद भट्ट | सदस्य | विज्ञापन बोर्ड | माननीय मन्त्रीस्तरको निर्णयानुसार मनोनयन। |
| २०८२/२/२८ | श्री मोहन गुरुङ<br>श्री प्रेम बहादुर भट्टराई | सदस्य | विज्ञापन बोर्ड | माननीय मन्त्रीस्तरको निर्णयानुसार मनोनयन। |
| २०८२/०१/२३ | श्री कपिल कोइराला<br>श्री यसोदा अधिकारी<br>श्री गंगा बराललाई | सदस्य | न्यूनतम पारिश्रमिक निर्धारण समिति | माननीय मन्त्रीस्तरको निर्णयानुसार मनोनयन। |
| २०८२/३/१८ | श्री नविन राज कुइकेल<br>श्री बासुदेव मिश्र<br>श्री जमुना शर्मा | सदस्य | न्यूनतम पारिश्रमिक निर्धारण समिति | माननीय मन्त्रीस्तरको निर्णयानुसार मनोनयन। |

## मन्त्रालय अन्तर्गत भएका अन्य महत्वपूर्ण निर्णयहरु

- गोरखापत्र संस्थान कर्मचारी सेवा शर्त विनियमावली, २०८२, मिति २०८२/०१/१४ (माननीय मन्त्रीस्तर) को निर्णयानुसार स्वीकृत भएको छ।
- मिति २०८२/०२/२५ को निर्णय (माननीय मन्त्रीस्तर) अनुसार अनुमतिपत्र बहाल नरहेका सेवा प्रदायक संस्थाहरुको सम्पत्ति व्यवस्थापन गर्न मूल्य निर्धारण समितिको गठन भएको छ।
- प्रेस काउन्सिल कर्मचारी सेवा शर्त (पहिलो संशोधन), विनियमावली, २०८१ सहमतिका लागि अर्थ मन्त्रालय पठाइएको छ।

## चलचित्र तथा डकुमेन्ट्री जाँच सम्बन्धी विवरण

| सि.नं. | विवरण | २०८१ बैशाख | २०८१ जेठ | २०८१ असार | आ.व.०८१/८२ बैशाख जेठ असारको जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | कथानक चलचित्र जाँच संख्या | १७ | १९ | १९ | ५५ | |
| २. | चलचित्र जाँच तथा प्रदर्शन अनुमति तर्फ राजस्व आम्दानी | १,५३,०००।- | १,९३,०००।- | २,६३,०००।- | ६,०९,०००।- | |
| ३. | विदेशी चलचित्र /डकुमेन्ट्री छाँयाङ्कन संख्या | १५ | ३ | २ | २० | |
| ४. | विदेशी चलचित्र /डकुमेन्ट्री छाँयाङ्कन तर्फ राजस्व आम्दानी | २,२५,०००।- | ४५,०००।- | ३०,०००।- | ३,००,०००।- | |
| ५. | निशेधित क्षेत्रका लागि थप राजस्व (USD) | ५०००$ | ० | ० | ५०००$ | |
| ६. | विदेशी मुद्रा सिफारिस (भा.रु.) | ० | २४,४८,०००।- | ० | २४,४८,०००।- | |
| ७. | विदेशी मुद्रा सिफारिस (USD) | ७,५०,०००।- | ० | ७,७६,०००।- | १५,२६,०००।- | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ८. | विदेशी मुद्रा सिफारिस गर्दा करकट्टी वापत राजस्व प्राप्त रकम भा.रु. | | ४,३२,०००।- | | ४,३२,०००।- | |
| ९. | विदेशी मुद्रा सिफारिस गर्दा करकट्टी वापत राजस्व प्राप्त रकम ( USD) | ८३,३३३.३३ | ० | ८६,२२२.२२ | १,६९,५५५.५५ | |

## आर्थिक प्रगति सम्बन्धी विवरण

क. आर्थिक वर्ष २०८१/८२ मा भएका आर्थिक कारोबारहरुको चौथो चौमासिक अवधिको आन्तरिक लेखापरीक्षण सम्पन्न गरिएको छ।

ख. चौथो त्रैमासिक अवधिमा फ्रिक्वेन्सी दस्तुर बापत १ करोड १३ लाख ७१ हजार तथा रोयल्टी वापत १३ करोड ६१ लाख ३९ हजार राजस्व रकम दाखिला हुन आएको छ।

ग. मन्त्रालयको नियमित तलब, भत्ता तथा कार्यालय व्यवस्थापन खर्च, विभिन्न कार्यक्रम तथा अनुदान समेतका लागि चौथो त्रैमासिक अवधिमा २२ करोड ६२ लाख रुपैयाँ भुक्तानी गरिएको छ।

घ. चौथो त्रैमासिक अवधिमा मन्त्रालयको बेरुजु रकम रु. ५,६२,८५८।५३१ बराबरको सम्परीक्षण भएको छ।

ड. नियमित तलब, भत्ता तथा सञ्चालन खर्च समेतका लागि मन्त्रालय मातहतका निकायहरुमा देहाय अनुसारको रकम चौथो त्रैमासिक अवधिमा निकासा पठाइएको छ ।

| सि.नं. | निकाय | निकासा रकम (लाखमा.रु) |
|---|---|---|
| १ | रेडियो प्रसार सेवा विकास समिति (रेडियो नेपाल) | ८०२ |
| २ | राष्ट्रिय समाचार समिति | ३८५ |
| ३ | प्रेस काउन्सिल नेपाल | ९१ |

च. मन्त्रालय र मातहतका निकायका आर्थिक प्रशासन सम्बद्ध कर्मचारीहरुको बैठक राखी बेरुजुको अवस्था तथा न्यूनीकरणका लागि अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको छ।

## मन्त्रालयबाट उठान भइ प्रक्रियामा रहेका नियम/कानून

| क्र.सं | नाम | हालको अवस्था |
|---|---|---|
| १ | सूचना प्रविधि तथा साइबर सुरक्षा सम्बन्धी विधेयक | संघीय संसदमा दर्ता भई छलफलको क्रममा रहेको। |
| २ | सामाजिक सञ्जालको प्रयोगलाई नियमन गर्ने सम्बन्धी विधेयक | संघीय संसदमा दर्ता भई छलफलको क्रममा रहेको। |
| ३ | मिडिया काउन्सिल सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक | संघीय संसदमा दर्ता भई छलफलको क्रममा रहेको। |
| ४ | चलचित्र क्षेत्रलाई व्यवस्थापन र नियमन गर्न बनेको विधेयक | संघीय संसदमा दर्ता भई छलफलको क्रममा रहेको। |
| ५ | विद्युतीय कारोबार (पहिलो संशोधन) नियमावली, २०८१ | २०८२ बैशाख १ गते राजपत्रमा प्रकाशन भएको। |
| ६ | सुरक्षण मुद्रण सम्बन्धी नियमावली, २०८१ | सहमतिको लागि कानून न्याय तथा संसदीय मामिला मन्त्रालयमा पठाइएको। |
| ७ | सार्वजनिक सेवा प्रसारण नियमावली,२०८१ | राजपत्रमा प्रकाशन भएको। |
| ८ | गोरखापत्र संस्थान सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक | सैद्वान्तिक स्वीकृति प्राप्त भई विधेयक तर्जुमाको क्रममा रहेको। |
| ९ | राष्ट्रिय समाचार समिति सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक | सैद्वान्तिक स्वीकृति प्राप्त भई विधेयक तर्जुमाको क्रममा रहेको। |
| १० | हुलाक सेवा सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक | सैद्वान्तिक स्वीकृति प्राप्त भई विधेयक तर्जुमाको क्रममा रहेको। |
| ११ | दूरसञ्चार सम्बन्धी विधेयक | विधेयकको मस्यौदा उपर सहमतिका लागि अर्थ मन्त्रालयमा पठाइएको। |

## मन्त्रालय अन्तर्गतका निकायको गतिविधि

## सूचना तथा प्रसारण विभाग

१. राष्ट्रिय सुचना आयोगको १८औं स्थापना दिवसको अवसरमा सम्माननीय राष्ट्रपतिज्यूको समुपस्थितिमा आयोगको स्थापना दिवस तथा सम्मान कार्यक्रम सम्पन्न भएको छ।



२. मिति २०८० जेठ २ गते देखि ४ गते सम्म आयोजना भएको सगरमाथा सम्बाद कार्यक्रममा मानवताको भविष्य र जलवायु न्याय विषयमा दिगो सहर तथा समुदाय, समावेशी भविष्य निर्माणः लैङ्गिक र अन्तरपुस्तागत समानता, हिमाली लचिलोपनका लागि विज्ञान र प्रविधिलाई जोड्ने काम र दिगो पर्वतीय अर्थतन्त्र विषयमा संवाद भई घोषणापत्र जारी भएको छ ।



## हुलाक सेवा विभाग

- मिति २०८२/०२/२४ गते मोरङ्ग जिल्लामा माननीय सञ्चार तथा सूचना प्रविधि मन्त्रीज्यूको समुपस्थितिमा हुलाक पुनर्संरचना सम्बन्धी कार्यक्रम सम्पन्न भएको छ ।
- गणतन्त्र दिवस, २०८२ को अवसरमा हुलाक टिकट प्रदर्शनी कार्यक्रम हुलाक सेवा विभागको परिसरमा सम्पन्न भएको छ ।
- IPS.post.cds.post लगायतका software सँग सम्बन्धित तालिम कार्यक्रम जनकपुरमा सम्पन्न गरिएको।
- हुलाक टिकटमा टांचा प्रदान कार्यक्रम तथा अन्तर्राष्ट्रिय हुलाक टिकट प्रदर्शनीमा Gold Medal प्राप्त गर्ने फिलाटेलिस्टहरूलाई सम्मान कार्यक्रम सम्पन्न भएको छ ।
- कतार एयरवेयससँगको सम्झौतामा २०२५ का लागि 1SDR को नेपाली दर कायम गरिएको छ ।

## चलचित्र विकास बोर्ड

- काभ्रेपलाञ्चोक जिल्लाको बनेपा नगरपालिकामा अत्याधुनिक सुविधा सम्पन्न **सिनेपाः चलचित्र छायाङ्कन स्टुडियो** निर्माणका लागि सम्माननीय प्रधानमन्त्रीज्यूबाट शिलान्यास भई निर्माण प्रारम्भ भएको छ ।







- चलचित्रघरहरुमा बिक्रि हुने टिकट कारोवारको वास्तविक तथ्याङ्क (Real Time Data) को सुरुवात का लागि **"बक्स अफिस@सिनेपाः"** एप सञ्चालनमा ल्याईएको छ ।
- मिति २०८२ असार १३ गते बसेको नेपाल सरकार (मन्त्रिपरिषद्) को बैठकबाट प्रत्येक वर्ष असोज १५ गतेका दिनलाई **'राष्ट्रिय चलचित्र दिवस'** को रुपमा मनाउने निर्णय भएको छ ।
- चलिचत्र विकास बोर्डबाट प्रदान हुने ३२ वटा सेवाहरु डिजिटल निवेदन (अनलाइन) बाट प्रदान गर्न शुभारम्भ गरी सञ्चालनमा ल्याईएको छ ।
- चलचित्र सम्बन्धी प्राज्ञिक लगायतका विविध लेखरचना सहितको **"चलचित्र मञ्च"** पुस्तक प्रकाशित गरिएको छ ।

- बोर्डको २५ औं वार्षिकोत्सव (रजत वर्ष) को अवसरमा चलचित्र 'आमा' का नायक र नायिकाको तस्वीर अंकित रु.१० को हुलाक टिकट प्रकाशनमा ल्याईएको।




- बोर्डको २५ औं वार्षिकोत्सव (रजत वर्ष) को अवसरमा पछिल्लो २५ वर्षमा देशभित्र स्वदेशी चलचित्रको कुल व्यापार ५ करोड भन्दा माथि अधिकतम व्यापार गर्ने पहिलो २५ चलचित्रका निर्मातालाई सम्मान गरिएको छ ।










- नेपाली चलचित्रको ईतिहासलाई उजागर गर्ने गरी नेपाली चलचित्र क्षेत्रमा पहिलो पटक भएका महत्वपूर्ण कोशेढुङ्गाहरुलाई समेटर तयार गरिएको "नेपाली चलचित्रमा पहिलो" नामक पुस्तक प्रकाशन भएको छ ।




- सम्माननीय राट्रपतिज्यूबाट २०८१ सालको राष्ट्रिय एवं विशेष चलचित्र पुरस्कार प्रदान गरिएको छ। निर्देशक श्री लक्ष्मीनाथ शर्मालाई चलचित्र दीर्घ साधना सम्मान प्रदान गरिएको छ ।१० जना चलचित्रकर्मीहरुलाई विशेष योगदान सम्मान प्रदान गरिएको छ ।











# राष्ट्रिय समाचार समिति

माननीय सञ्चार तथा सूचना प्रविधि मन्त्रीज्यूको समुपस्थितिमा गणतन्त्र दिवसका अवसरमा "पर्वतीय पर्यटनः हाम्रो शान, हाम्रो पहिचान" विषयक शीर्षकमा भद्रकालीस्थित केन्द्रीय कार्यालयमा आयोजना गरको फोटो प्रदर्शनी कार्यक्रम सम्पन्न गरिएको छ ।






# गोरखापत्र संस्थान

सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओलीज्यूको गरिमामय उपस्थितिमा मिति २०८२ बैशाख २४ गते गोरखापत्र प्रकाशनको १२५ औं वर्ष प्रवेश तथा संस्थानको ६३ औं वार्षिकोत्वसका अवसरमा विशेष समारोह आयोजना गरिएको ।



सो कार्यक्रममा ***युग साक्षी*** नामको जर्नल प्रकाशन सुभारम्भ समेत गरिएको छ ।




- नेपालमा फोटो पत्रकरिता दिवस २०८२ को अवसरमा 'नेपालमा फोटो पत्रकरिता र पत्रकारको सुरक्षा' विषयक कार्यशाला सम्पन्न भएको छ ।




- गोरखापत्र संस्थानद्वारा प्रकाशित साहित्यक मासिक मधुपर्कको बन्दीपुर विशेषाङ्क प्रकाशन गरिएको छ ।



- दैनिक दुई भाषाका दरले ४५ भाषामा समाचार तथा लेख रचना सामग्री गोरखापत्र दैनिकमा प्रकाशन भएको छ।
- चौथो त्रैमासिक अवधिमा ८ वर्षको गोरखापत्रको डिजिटाइजेशन कार्य सम्पन्न भएको छ।
- काठमाडौंमा मुना सम्मेलनको आयोजना गरिएको छ ।

